आज मिति २०७८/१०/११ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख श्री भरत बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ७६ औ बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख
श्री कमला बस्नेत ............................नगर उप प्रमुख
श्री मान बहादुर खड्का......................प्रमुख प्रसासकिय अधिकृत
श्री बिर बहादुर थामी .......................वडा अध्यक्ष भी.न.पा. १
श्री विराजमान श्रेष्ठ ....................... वडा अध्यक्ष भी.न.पा. २
श्री हरिसरण शिवाकोटी ......... ....वडा अध्यक्ष भी.न.पा. ३
श्री हरिवंश चौलागाई ................. ... वडा अध्यक्ष भी.न.पा. ४
श्री रामचन्द्र बस्नेत ................ .... वडा अध्यक्ष भी.न.पा. ५
श्री नबिन कुमार लामा ....................वडा अध्यक्ष भी.न.पा. ६
श्री कैलाश कुमार श्रेष्ठ ............... ....वडा अध्यक्ष भी.न.पा. ७
श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा. ८
श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९
श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य
श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,
श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,
श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,
श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,
श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,
श्री जमुना श्रेष्ठ .......................... कार्यपालिका सदस्य,
श्री किरण वली..................... . कार्यपालिका सदस्य,
श्री माधव प्रसाद सुबेदी ...................प्रशासकीय अधिकृत, बैठक ब्यबस्थापक

**<u>प्रस्तावहरु</u>**

१ . करार सेवाका कराचारिको म्याद तथा कार्यालय सहयोगीको पारिश्रमिक थप
२.लेखा शाखामा जनशक्ति ब्यबस्थापन
३. भेरिएशन् आदेश
४.रमान्तर
५. लेखापरीक्षण समिति गठन
६. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) नतिजा
७. चालु आ.व.को स्वीकृत कार्यक्रम/ योजना संसोधन
८. कृषि उपज बजार भवन निर्माण/लागत साझेदारी
९. नगरपालिकाको आपद्कालिन कार्यसंचालन केन्द्र (MEOC) संचालन गर्न दक्ष जनशक्तिको
१०. अनुमोदन
११. बिबिध

**निर्णय नं.** १ः – नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा सेवा करारमा २०७८ साउन १ देखि कार्यरत कर्मचारीहरु मध्ये तपसिल बमोजिमका कर्मचारीहरुको सेवा कार्यालयलाई आवश्यक रहेकोले सम्झौतामा उल्लेखित शर्तहरु कायम हुने गरी २०७९ असार मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

| क्र.स. | नाम थर | पद | शाखा / कार्यक्षेत्र | श्रोत |
|---|---|---|---|---|
| १ | ई.राजकुमार गुप्ता | सिनियर इन्जिनियर | योजना तथा प्राबिधिक शाखा | कन्टेन्जेन्सी |
| २ | ई.गौरब बस्नेत | इन्जिनियर | योजनातथा प्राबिधिक शाखा | कन्टेन्जेन्सी |
| ३ | ई.नहकुल श्रेष्ठ | इन्जिनियर | योजनातथा प्राबिधिक शाखा | न.पा. |
| ४ | राजुनारायण श्रेष्ठ | सव–इन्जिनियर | वडा नं. २ | न.पा. |
| ५ | कविता बराईली | अ.सव–इन्जिनियर | वडा नं. ३ | न.पा. |
| ६ | हरिशरण दाहाल | अ.सव–इन्जिनियर | वडा नं. ६ | न.पा. |
| ७ | बिकास गौतम | अ.सव–इन्जिनियर | वडा नं. १ | न.पा. |
| ८ | चित्र बहादुर श्रेष्ठ | अ.सव–इन्जिनियर | वडा नं. ९ | न.पा. |
| ९ | रबिना खड्का | सहायक कम्प्युटर अपरेटर | कर तथा राजश्व | न.पा. |
| १० | अर्जुन बहादुर लामा | सामाजिक परिचालक | प्रशासन | न.पा. |
| ११ | लिला बहादुर तामांग | सामाजिक परिचालक | वडा नं. ३ | न.पा. |
| १२ | पार्वती श्रेष्ठ | सामाजिक परिचालक | वडा नं. २ | न.पा. |
| १३ | प्रकाश सुबेदी | सामाजिक परिचालक | वडा नं. १ | न.पा. |
| १४ | शान्ति बहादुर के.सी. | कार्यालय सहायक | वडा नं. ९ | न.पा. |
| १५ | सुवास श्रेष्ठ | कार्यालय सहायक | वडा नं. ८ | न.पा. |
| १६ | शान्ता बस्नेत श्रेष्ठ | कानुनी सहजकार्ता | | प्रदेश |
| १७ | जयप्रकाश महरान | हे.अ. | लाँकुरीडाँडा | न.पा. |
| १८ | सरोज कुमार यादव | हे.अ. | बोच | न.पा. |

| | | | | |
|---|---|---|---|---|
| १९ | पबित्रादेवी बास्तोला | हे.अ. | क्षेमावती | न.पा. |
| २० | अम्बिका घिर्सिङ | अ.हे.व. | सहरी स्वास्थ्य | न.पा. |
| २१ | सरिता श्रेष्ठ | अ.न.मि. | सहरी स्वास्थ्य | न.पा. |
| २२ | सावित्री खड्का | अ.हे.व. | सहरी स्वास्थ्य | न.पा. |
| २३ | गङ्गा थापा | अ.न.मि. | सहरी स्वास्थ्य | न.पा. |
| २४ | मेनुका बुढाथोकी | अ.हे.व. | सहरी स्वास्थ्य | न.पा. |
| २५ | पन्जु तामांङ | अ.हे.व. | सहरी स्वास्थ्य | न.पा. |
| २६ | विन्दिया श्रेष्ठ | अ.न.मि. | सहरी स्वास्थ्य | न.पा. |
| २७ | सोममाया तामांङ | अ.हे.व. | सहरी स्वास्थ्य | न.पा. |
| २८ | संगीता तामांङ | अ.न.मि. | सहरी स्वास्थ्य | न.पा. |
| २९ | रुपा प्रधान | अ.न.मि. | सहरी स्वास्थ्य | प्रदेश |
| ३० | सपना उप्रेती | अ.हे.व. | आ.स्वा. के. | न.पा. |
| ३१ | सबिना सापकोटा | अ.न.मि. | आ.स्वा. के. | न.पा. |
| ३२ | सिता लामा | अ.न.मि. | आ.स्वा. के. | न.पा. |
| ३३ | रक्षा बस्नेत | अ.न.मि. | बोच स्वा.के. | न.पा. |
| ३४ | चिरण शिवाकोटी | अ.न.मि. | दोलखा स्वा. चौकी | न.पा. |
| ३५ | लक्ष्मी श्रेष्ठ | अ.हे.व. | सहरी स्वास्थ्य | न.पा. |
| ३६ | बिनिता बस्नेत | अ.न.मि. | सहरी स्वास्थ्य | न.पा. |
| ३७ | महेन्द्र बहादुर श्रेष्ठ | नगर प्रहरी | न.पा. | न.पा. |
| ३८ | रेखा लामा | नगर प्रहरी | न.पा. | न.पा. |
| ३९ | शंकर खत्री | ह.स.चा. | उप प्रमुख | न.पा. |
| ४० | श्याम कुमार खड्का | ह.सवारी चालक | प्रमुख | न.पा. |
| ४१ | शान्त कुमार लामा | हे.स.चा. द्वितिय | jcv opretar | न.पा. |
| ४२ | शान्त माया थामी | कार्यालय सहयोगी | वडा नं. १ | न.पा. |
| ४३ | सावित्री थामी | कार्यालय सहयोगी | वडा नं. २ | न.पा. |
| ४४ | रमा सापकोटा | कार्यालय सहयोगी | वडा नं. ४ | न.पा. |

| | | | | |
|---|---|---|---|---|
| ४५ | ठुली तामांग | कार्यालय सहयोगी | वडा नं. ७ | न.पा. |
| ४६ | इन्द्र बहादुर तामांग | कार्यालय सहयोगी | वडा नं. ८ | न.पा. |
| ४७ | प्रेम बहादुर कार्की | कार्यालय सहयोगी | वडा नं. ९ | न.पा. |
| ४८ | मन्जु खत्री सुबेदी | कार्यालय सहयोगी | प्र क्वाटर | न.पा. |
| ४९ | करुणा थापा | कार्यालय सहयोगी | उप प्र.क्वाटर | न.पा. |
| ५० | कुमारी सार्की | कुचिकार (स्वीपर) | न.पा. | न.पा. |
| ५१ | शंकार प्रसाद पाठक | ना .प.से. प्रा. | वडा नं. १,२,४ | न.पा. |
| ५२ | नवराज दाहाल | ना.प.से.प्रा. | वडा नं. ७,८,९ | न.पा. |
| ५३ | निर्मला बस्नेत | का.स. | ७ वडा नं. | न.पा. |
| ५४ | कल्पना बुढाथोकी | का.स. | ५. वडा नं. | न.पा. |
| ५५ | सबिता थापा, खत्री | का.स. | वडा नं.६ | न.पा. |
| ५६ | रमा न्यौपाने | का.स. | न.पा. | न.पा. |
| ५७ | शिवशंकर बस्नेत | का.स. | न.पा. | न.पा. |
| ५८ | सुजन प्रसाद न्यौपाने | सहायक कम्प्युटर अपरेटर | स्वास्थ्य / लेखा | न.पा. |
| ५९ | सन्तोषी कार्की | स्टाफ नर्स | एक बि.एक नर्स | न.पा. |
| ६० | सबिना अधिकारी | अमिन | प्राबिधिक | न.पा. |

**निर्णय नं.** २:-निर्णय नं. १ बमोजिम यस कार्यालय वा मातहतका कार्यालयमा बिगत तीनबर्ष भन्दा बढी अवधि देखि अविछिन्न रुपमा कार्यरत तथा कार्यसम्पादन सन्तोषजनक रहेका सहयोगी स्तरका कर्मचारीहरुको सेवा सुबिधा सहयोगीस्तर प्रथम तहको शुरुस्केल बराबर उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ३ :** यस नगरपालिकाको आर्थिक प्रशासन शाखामा जनशक्ति अभाव हुदै आएको र तालुक निकायबाट पदपूर्ति हुन नसकेको हुँदा शाखाको सेवालाई प्रभावकारी बनाउन सकिएको छैन। शाखामा सवै प्रकारको आर्थिक कारोवार SUTRA सफ्टवेयर मार्फत गरिने हुँदा लेखा र कम्प्युटर सम्वन्धी सीप भएको एक जना जनशक्ति तत्काल व्यवस्थापन गर्नुपर्ने देखिएकाले उपरोक्त अनुसारको सीप भएको एक जना जनशक्ति सहायकस्तर चौथो तहको सेवा सुविधा उपलव्ध गराउने गरी चालु आ.व.को असार मसान्तसम्मका लागि परामर्श सेवा खरिद गर्न कार्यालयलाई अनुमति दिने निर्णय गरियो।

**निर्णय नं ४ :** आर्थिक वर्ष २०७७/७८ मा ठेक्का व्यवस्थापनबाट संचालन भएको आयोजनाहरु मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को नियम ५४ बमोजिम कार्यालयबाट भएका तपसिल बमोजिमका भेरिएसन आदेशहरू अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | आयोजनाको नाम | निर्माण व्यवसायी/फर्म | भेरियसन रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | भटमासे जिलु सडक | अमुल एण्ड स्नेहा कन्ट्रक्सन | १५,५८,८७०/- | |
| २. | सहायक प्रशासकीय भवन | अविसा निर्माण सेवा | १९,६२,१२८/- | |
| ३. | पाटीखोला उखुवारी कुप्री सडक | डीमुनकन्ट्रक्सन / अमुल एण्ड स्नेहा कन्ट्रक्सन | ५,२५,६८१/- | |

**निर्णय नं. ५:** सि.नं. १०२ को सार्वजनिक शौचालय सहितको बहुउदेश्यीय भवन निर्माणको रु ५०,००,०००/- (पचासलाख) मध्येबाट जिलु एकिकृत बस्ती निर्माण अनुदान सहयोग कार्यक्रमका लागि रु १०,५०,०००/- (दशलाख पचास हजार) रकमान्तर गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ : –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ को उपदफा ३ बमोजिम नगरपालिकाको आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न देहायको लेखापरीक्षण समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

श्री रामचन्द्र बस्नेत कार्यपालिका सदस्य संयोजक

श्री सुमन सुनाम कार्यपालिका सदस्य सदस्य

श्री जगदीश अर्याल आर्थिक प्रशासन प्रमुख सदस्य

श्री रामजी थापा इन्जिनियर, प्राविधिक शाखा सदस्य

श्री ज्ञानु कुमार खड्का आन्तरिक लेखापरीक्षण अधिकृत सदस्य सचिव

**(६.१) गठित लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।**

क) नगरपालिकाको आय, व्यय र धरौटीको स्रेस्ताको प्रचलित कानुन बमोजिम नियमित रुपमा आन्तरिक लेखापरीक्षण गराउन आवश्यक समन्वय गर्ने ।

ख) नगरपालिकाको आय, व्यय र धरौटीको लेखापरीक्षण अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

ग) आन्तरिक लेखापरीक्षणबाट देखिएका त्रुटीहरु सम्वन्धमा सम्वन्धित पक्षहरुसँग छलफल गराई सुधारात्मक पहल गर्ने र गर्न लगाउने ।

घ) अन्तिम लेखा परीक्षण गराउनका लागि सहजीकरण गर्ने ।

ङ) आन्तरिक लेखा परीक्षण प्रतिवेदनमा उल्लिखित विषयमा भएका सुधारहरुको सम्वन्धमा प्रतिवेदन तयार पारी कार्यपालिकामा पेस गर्ने ।

च) कार्यपालिकाको कार्यालय र वडा कार्यालयको जिन्सी सामग्री एवम् सामाग्रीको अभिलेख निरीक्षण गर्ने ।

छ) लेखा परीक्षण समितिले उल्लिखित काम, कर्तव्य र अधिकारको अधीनमा रही आफ्नो थप कार्यविवरण आफै तय गर्न सक्ने छ ।

**(६.२)** .लेखापरीक्षण समितिको बैठक कम्तिमा चार महिनाको एक पटक बस्नु पर्नेछ । समितिको बैठकमा सहभागी भए वापत लेखा परीक्षण समितिका सदस्यले प्रचलित मापदण्ड अनुसार यातायात, खाना, खाजा खर्च र कार्यपालिका सदस्यले पाए सरह बैठक भत्ता पाउने छ ।

**निर्णय नं.** ७ः– आर्थिक वर्ष २०७७/७८ मा यस नगरपालिकाले सम्पादन गरेका कार्यहरुका सम्वन्धमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) हुँदा ८०.२५ प्रतिशत प्राप्त भएकोले उक्त प्राप्ताङ्क अनुमोदन गर्ने निर्णय गरियो । साथै स्वमूल्यांकनका विषयगत क्षेत्रहरुको प्राप्ताङ्कहरुको विश्लेषण गर्दै कम प्राप्ताङ्क भएका विषयगत क्षेत्रमा संलग्न शाखाहरुलाई आवश्यक सुधारका लागि निर्देशन दिने र उच्च प्राप्ताङ्क हासिल गरेका क्षेत्रमा संलग्न शाखाहरुलाई धन्यवाद दिदै आगामी आर्थिक वर्षहरुमा पनि उपलब्धि निरन्तरता दिन सुझाव दिने निर्णय गरियो ।

**निर्णय नं.** ८ः– यस नगरपालिकाको चालु आ.ब. ०७८/७९ को स्वीकृत कार्यक्रम/ योजना आवश्यक नदेखिएकोले देहाए बमोजिम संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्रस. | स्वीकृत योजना / कार्यक्रम | रकम | संसोधित योजना /कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कैजले खोला –डाँडागाउँ सिचाई | ५,००,०००/– | करंगे –डिही –डाँडागाउँ सडक मर्मत | ५,००,०००/– | वडा नं. ५ को सिफारिस |
| २ | सिलाई कटाई कार्यक्रम (क)<br>न्याय तथा मेलमिलाप तालिम (ख) | १,००,०००/–<br>१,००,०००/– | वडा कार्यालय प्रवेशद्वार निर्माण | २,००,०००/– | वडा नं. ४ को सिफारिस |
| ३ | साझेदारी कोष | ६,००,०००/– | सुपलुङ्गा गोरेटोबाटो स्तरोन्नति (क)<br>सार्केस्वारा सडक मोड स्तरोन्नति (ख)<br>डाँडागाउँ धारा मर्मत (ग)<br>फसिभे नाला ब्यबस्थापन (घ) | २.००,०००/–<br>१,५०,०००/–<br>१,५०,०००/–<br>१,००,०००/– | वडा नं. ४ को सिफारिस<br>वडा नं. ४ को सिफारिस |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | पखिपुल सोक्ला खानेपानी आयोजना (प्र.म. रोजगार कार्यक्रम) | ५,००,०००/- | डिलढुङ्गा -खेलाप सडक स्तरोन्नति | ५,००,०००/- | वडा नं. २ को सिफारिस |

**निर्णय नं.** ९:- यस नगरपालिकाको कृषि बजारलाई ब्यबस्थित रुपमा सन्चालन गर्न कृषि उपज बजार भवन निर्माणकार्यमा लागत साझेदारी कोष शीर्षकबाट रु १०,००,०००/- (दशलाख ) खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं.** १०:- UNDP को सहयोगमा यस नगरपालिकाको आपद्कालिन कार्यसंचालन केन्द्र (MEOC) तथा त्यसका लागि आवश्यक नीतिगत तथा भौतिक सुबिधा समेतको ब्यबस्था भई सकेको र उक्त केन्द्र संचालन गर्न दक्ष जनशक्तिको अभाव रहेको अवस्थामा दोलखा जिल्ला बिगु ५ बस्ने थीरबहादुर खड्का उक्त कार्यमा दक्ष जनशक्तिको रुपमा रही निजले यस नगरपालिकाको आपद्कालिन कार्यसंचालन केन्द्र संचालन गर्न स्वयंसेवकको रुपमा कामगर्ने मनसाय पेश गरेकोमा निजलाई MEOC र सहरी फोहोरमैला ब्यबस्थापन कार्य गर्न २०७८ फाल्गुन १ गतेदेखि लागुहुने गरी सम्बन्धित कार्यक्रमबाटै सहायक स्तर चौथोतह सरहको सेवा सुबिधा उपलब्ध गराउने गरी २०७९ असार मसान्त सम्मका लागि सेवा करारमा लिने निर्णय गरियो ।

**निर्णय नं.** ११:- नगर प्रमुख तथा उप प्रमुखको तोक आदेशबाट सम्पन्न भएका देहाएका योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

(क) सामुदायिक भवन भीमेश्वर ४ घोगड़ीलाई भवन निर्माण थप कार्यको लागि जनतासंग मेयर कार्यक्रमबाट उपलब्ध गराएको रु ७५,०००/- (पचहत्तर हजार)

(ख) भुलभुले ग्रामिण सडक सोलिंग गर्ने कार्यको लागी जनतासंग मेयर कार्यक्रमबाट उपलब्ध गराएको रु.१,००,०००/- (एकलाख) मात्र

**निर्णय नं.** १२:-राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण विभागको सामाजिक सूरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुद्दढिकरण आयोजना अन्तर्गत यस नगरपालिकामा कार्यरत एम.आई.एस. अपरेटर तथा सहायकहरुको आ.ब.७९/८० को लागि ५० % बजेट को सुनिश्चितता गरी प्रतिबद्धता पत्र माग गरेको सन्दर्भमा यस नगरपालिकामा कार्यरत एम.आई.एस. अपरेटर तथा सहायकहरुको सेवा आवश्यक रहेकोले थप ToR सहित कामकाज गराउने गरी आ.ब.७९/८० को लागि ५०% बजेट को सुनिश्चितता गरी प्रतिबद्धता पत्र पठाउने निर्णय गरियो ।

**निर्णय नं.** १३:- नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ अनुसार मिति २०७८/१०/२४ मा प्रकाशित सुचाना बमोजिम कुल लागतको ३०% प्रतिशतले हुन आउने रकम नगरपालिकाको लागत सहभागितामा कार्यान्वयन हुनेगरी देहायका आयोजनाहरु छनौट गरी पठाउने निर्णय गरियो ।

**तपशिल**

(१३.१) भीमेश्वर औधोगिकग्राम भौतिक सुधार आयोजना भीमेश्वर ७ भुल्भुले

(१३.२) विश्वशान्ति बुद्धपार्क निर्माण आयोजना भीमेश्वर ६ दर्फेडाडा

(१३.३) भीमेश्वर सरसफाई केन्द्र, भौतिक सुधार आयोजना भीमेश्वर ६ सिम्पानी सा.ब.

**निर्णय नं. १४:-** नव प्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ अनुसार कार्यक्रम तजुर्मा र कार्यान्वयन सहजीकरणको निम्ति नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य -------------- संयोजक
कार्यक्रम लागूहुने सम्बन्धित वडाको वडा अध्यक्ष वा
निजले तोकेको वडा सदस्य मध्यवाट एक जना ----------- सदस्य
कार्यालयले तोकेको अधिकृत स्तरको प्राविधिक एक जना --सदस्य
कार्यालयले तोकेको अधिकृत एक जना ---------------- सदस्य
सूचना प्रविधि अधिकृत -------------------------------- सदस्य सचिव